कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

NMIC

# NEPAL MICRO INSURANCE COMPANY LIMITED
# नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड

रजिष्टर्ड ठेगाना : भरतपुर महानगरपालिका वडा नं.०१, चितवन, नेपाल ।
प्रादेशिक कार्यालय: गैह्रिधारा, महामती भवन, काठमाण्डौ ।
फोन नं.: ९७७-०५६-४९४३२७, ९७७-०१-४५२९३६२,
E-mail : info@nepalmicro.com, Website: www.nepalmicro.com

## साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडको आफ्नो जारी पूँजी रु.७५,००,००,०००/- (अक्षरेपी पचहत्तर करोड रुपैयाँ मात्र) को ३०% ले हुन आउने रु.२२,५०,००,०००/- (अक्षरेपी बाइस करोड पचास लाख रुपैयाँ मात्र) रकम बराबरको प्रति शेयर रु.१००/- अंकित दरका कूल २२,५०,००० कित्ता साधारण शेयरको १०% अर्थात २,२५,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु लाई, ३ प्रतिशत अर्थात ६७,५०० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीहरुलाई र ५ प्रतिशत अर्थात १,१२,५०० कित्ता साधारण शेयर सामूहिक लगानी कोषहरुलाई बाँडफाँड गरे पश्चात् बाँकी रहेको १८,४५,००० कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि **आज मिति २०८१ फाल्गुन ११ गते आइतबारदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**दरखास्त दिन पाउने न्यूनतम शेयर संख्या : १0 कित्ता** | **दरखास्त दिन पाउने अधिकत्तम शेयर संख्या: १,00,000 कित्ता**

**दरखास्त साथ प्रति शेयर अंकित मूल्य रु. १00/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

| क्र.सं. | विवरणपत्र प्राप्त गर्ने स्थान |
|---|---|
| १. | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड, भरतपुर, चितवन र वेबसाइट : www.nepalmicro.com |
| २. | एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेबसाइट : www.nimbacecapital.com |
| २. | नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत प्राप्त सकिनेछ । |

**दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :**

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर “मेरो शेयर” अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

### नेटवर्थ सम्बन्धी विवरण

| विवरण | वास्तविक | अपरिष्कृत वित्तीय | प्रक्षेपित | | |
|---|---|---|---|---|---|
| | आ. व.२०७९/८० | आ.व.२०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ |
| प्रति शेयर नेटवर्थ (रु) | १००.८० | १०१.३६ | १०१.९० | १०३.३३ | १०५.४३ |
| प्रति शेयर आम्दानी (रु) | ०.८० | ०.५६ | ०.९५ | १.४३ | २.११ |
| संचित मुनाफा (रु.हजारमा) | १,७९९ | ३,०८८ | ६,२०९ | १०,९२९ | १७,८७६ |

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

स्विकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनुपर्ने भएकोले “क्रेडिट रेटिङ्ग नियमावली, २०६८” को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लिमिटेड, काठमाडौंबाट मिति २०८१/०५/०६ मा **क्रेडिट रेटिङ्ग गराई "CARE-NP BB-(Is)" प्रमाणपत्र प्राप्त गरेको छ । जसले कम्पनीको वित्तीय दायित्य समयमा नै पुरा गर्ने सम्बन्धमा मध्यम रुपमा सुरक्षित रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) मानिन्छ ।** केयर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा "CARE-NP AAA (Is)" ले बलियो आधार जनाउँछ भने "CARE-NP D (Is)” ले कमजोर आधार जनाउँदछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । उक्त रेटिङ्गको बहाल मिति वि.सं. २०८२/०५/०६ रहने छ । सोही विवरण स्विकृत विवरणपत्रको दफा ग.२२ (ट) मा समेत उल्लेख गरिएको छ ।

### साधारण शेयरको बिक्री खुल्ला अवधि

| | |
|---|---|
| निष्काशन खुल्ला हुने मिति | २०८१ फाल्गुन ११ गते |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | २०८१ फाल्गुन १५ गते (बैंकिङ्ग समय पश्चात्) |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | २०८१ फाल्गुन २५ गते (बैंकिङ्ग समय पश्चात्) |

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८१ माघ ३० गतेको “अभियान” राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान पत्र वा निष्काशन कम्पनीको वेबसाईट www.nepalmicro.com अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाईट www.nimbacecapital.com मा हेर्नुहुन अनुरोध गर्दछौं ।

### धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIMB ACE
CAPITAL LIMITED
Managing Shares. Managing Investments.

**एनआइएमबि एस क्यापिटल लिमिटेड**
पो.ब.नं.: २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-४५२५२८०,
E-mail: info@nimbacecapital.com, Website: www.nimbacecapital.com